एनआइबिएल समृद्धि फण्ड - १ (NIBL Samriddi Fund - 1) को कुल रु १ अर्व बराबरको १० करोड इकाईहरु सुचिकृत गर्न श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेडका कार्यकारी प्रमुख, श्री शिवान्त बहादुर पाँडेज्यू र नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक श्री सिताराम थपलियाज्यू बिच आज मिति २२ माघ, २०७१ मा सूचिकरण सम्झौतामा हस्ताक्षर भएको जानकारी गराउदछौं ।

एनआइबिएल समृद्धि फण्ड - १ मङसीर १७ गते बाट सर्वसाधारणमा बिक्री वितरण खुलि भई मङसीर २१ गते बन्द भएको थियो । एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड (नेपाल इन्भेष्टमेण्ट बैंक लि. को पूर्ण स्वामित्वको कम्पनि) यस योजनाको विक्री प्रबन्धक रहेको थियो ।

यस योजनाको प्रारम्भिक पुँजी रु. ८० करोड रहेको भएतापनि बढी माग भएको कारणले नियमानुसार पुँजी रु. १ अर्ब निर्धारण गरिएको छ । यस योजनाको विक्री वितरणबाट करिब रु. २.०५ अर्ब संकलन भएकोले करिब ३.०२ गुणाले अधिक माग भएको थियो ।

एनआइबिएल समृद्धि फण्ड - १ को बाँडफाट २३ पुस, २०७१ मा भए अनुरुप बीज पुँजी लगानीकर्ता सहित इकाई धनी संख्या ९४०२ कायम भएको छ । ५००० इकाईसम्मका लागि आवेदन दिएका साना लगानीकर्ताहरु लाई सबै इकाई बाँडफाट गरिएको र सो भन्दा माथिको आवेदकलाई करिब ३४.७७ प्रतिशत बाँडफाट गरिएको थियो । योजनाको कुल पूँजीमा संस्थागत लगानीकर्ताहको ६५ र व्यक्तिगत लगानीकर्ताहरुको ३५ प्रतिशत हिस्सा रहेको छ ।

एनआइबिएल समृद्धि फण्ड - १ एउटा बन्दमुखी योजना हो जसको योजना अवधि बाँडफाटको मितिबाट ७ वर्षको रहनेछ । यस कोषको कोष प्रर्वद्धकमा श्री नेपाल इन्भेष्टमेण्ट बैंक लि. र योजना व्यवस्थापक तथा डिपोजिटरीमा एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड रहेको छ । नेपाल इन्भेष्टमेण्ट बैंक लि. ले ICRA नेपालबाट "[ICRANP-IR] A" र एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड ले "[ICRANP] AMC Quality 3 (AMC 3)" रेटिङ्ग प्राप्त गरेका छन् । नेपाल इन्भेष्टमेण्ट बैंक लि. ले आफ्नो पहिलो म्युचुअल फन्ड स्किम “एनआइबिएल समृद्धि फण्ड - १” को स्वीकृती नेपाल धितोपत्र बोर्डबाट ३० कार्तिक २०७१ मा प्राप्त गरेको थियो ।

योजना व्यवस्थापक

NIBL CAPITAL
एनआइबिएल क्यापिटल मार्केट्स लि.
एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड
पो. ब. नं. २३२२४, लाजिम्पाट, काठमाण्डौं, नेपाल
फोन नं.: +९७७-१-४००५०८०

कोष प्रर्वद्धक

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड
पो. ब. नं. ३४१२, दरबारमार्ग, काठमाण्डौं, नेपाल
फोन नं.: +९७७-१-४२२८२२९